# युवा तथा साना व्यवसायी स्वरोजगार कोषको
# १३ औं वार्षिकोत्सव कार्यक्रम सु-सम्पन्न !



युवाहरुको श्रम र सीपलाई सदुपयोग गरी देशको विद्यमान वेरोजगारी समस्याको समाधानका लागि वेरोजगार युवाहरुलाई स्वरोजगारका अवसरहरु सिर्जना गर्ने उद्देश्यले नेपाल सरकारले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०६३ को दफा २ अनुसार २०६५ सालमा स्थापना भएको युवा तथा साना व्यवसायी स्वरोजगार कोषको मिति २०७८ फाल्गुन १९ गते आफ्नो १३ औं वार्षिकोत्सव कार्यक्रम कोषको कार्यालयमा सुसम्पन्न भयो । कोषका कर्मचारी तथा विभिन्न मिडीयाका पत्रकारहरु उपस्थिती रहेको वार्षिकोत्सव कार्यक्रममा कोषले स्थापना कालदेखि हाल सम्मका कार्यक्रमहरु, प्रगती विवरण तथा कोषको नितिगत व्यवस्थाका वारेमा पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको थियो ।

१३ औं वार्षिकोत्सवको उपलक्षमा कोषका कार्यकारी उपाध्यक्षले केक काटेर सुरु भएको कार्यक्रम कोषका प्रशासन शाखा प्रमुख श्री सुदिप सिल्वालले सञ्चालन गर्नु भएको थियो । उक्त कार्यक्रममा कोषका कार्यकारी निर्देशकले श्री विश्वमोहन अधिकारीले स्वागत मन्तव्य राख्दै प्रेश नोट वाचन गर्नु भयो भने कोषका कार्यकारी उपाध्यक्ष डा. श्री देवराज रोका (कल्याण) ले स्वरोजगारी सिर्जनामा कोषको भुमिका तथा नितिगत व्यवस्था सम्बन्धमा आफ्नो वक्तव्य राख्दै कार्यक्रमको समापन भएको थियो ।